गाउँ कार्यपालिकाको

मिति:- २०८१/०९/२१

(बैठक संख्या:- ०८-२०८१/०८२)

आज मिति २०८१ साल पौष २१ गते तदनुसार नेपाल संवत ११४५, पोहेलाथ्व, षष्ठी आइतबारका दिन बारेकोट गाउँपालिकाका अध्यक्ष श्री वीर बहादुर गिरी ज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न प्रस्ताव उपर छलफल गरि निर्णय गरियो।

**उपस्थिति**

| | |
|---|---|
| श्री वीर बहादुर गिरी | अध्यक्ष |
| श्री नर बहादुर गिरी | उपाध्यक्ष |
| श्री ऐन बहादुर गिरी | सदस्य गाउँ कार्यपालिका |
| श्री बीर बहादुर घर्ती | सदस्य गाउँ कार्यपालिका |
| श्री राम बहादुर सिंह | सदस्य गाउँ कार्यपालिका |
| श्री विष्णु बहादुर रावत | सदस्य गाउँ कार्यपालिका |
| श्री गोरख बहादुर थापा | सदस्य गाउँ कार्यपालिका |
| श्री डम्बर बहादुर महतारा | सदस्य गाउँ कार्यपालिका |
| श्री विशाल किरण बस्नेत | सदस्य गाउँ कार्यपालिका |
| श्री योगेन्द्र बहादुर सिंह | सदस्य गाउँ कार्यपालिका |
| श्री दान बहादुर शाही | सदस्य गाउँ कार्यपालिका |
| श्री दील बहादुर नेपाली | सदस्य गाउँ कार्यपालिका |
| श्री दिपक नेपाली | सदस्य गाउँ कार्यपालिका |
| श्री कमला कामी | सदस्य गाउँ कार्यपालिका |
| श्री कल्पना नेपाली | सदस्य गाउँ कार्यपालिका |
| श्री विष्णु वि. क. | सदस्य गाउँ कार्यपालिका |
| श्री नैनी नेपाली | सदस्य गाउँ कार्यपालिका |
| श्री लोक राज खत्री | सदस्य सचिव |
| श्री शेर बहादुर चलाउने | का.वा. सदस्य गाउँ कार्यपालिका |

<u>बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०८-२०८१/०८२)</u>

**प्रस्तावहरुः**

१. कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा।
२. तह कायम गर्ने सम्वन्धमा।
३. पदस्थापनाको सहमति सम्वन्धमा।
४. नदिजन्य पदार्थहरुको अनाधिकृत वसारपसारको जरिवाना सम्बन्धमा।
५. योजनाको नाम परिवर्तन तथा रकमान्तर सम्वन्धमा।
६. खानेपानी आयोजनाको समपुरक बाँडफाँड तथा अपुग रकम सम्बन्धमा।

**निर्णय नं. १**

बारेकोट गाउँपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयनको अवस्था बारे छलफल गरियो। कार्यपालिका निर्णयलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने।

**निर्णय नं. २**

कर्णाली प्रदेश स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०८१ को दफा ८ को उपदफा (१) मा व्यवस्था भए बमोजिम अधिकृतस्तर सातौं तहका लागि तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका यस बारेकोट गाउँपालिकामा कार्यरत शिक्षा अधिकृत छैटौं श्री राम बहादुर मल्ल (संकेत नं. २४३१४०) लाई सोही ऐनको दफा १५ को उपदफा (१) बमोजिम सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम मिति २०७७ साल फागुन ६ गते देखी जेष्ठता कायम हुने र स्थानीय सेवा गठन तथा सञ्चालन नियमावली, २०८१ को नियम १४ को उपनियम (६) बमोजिम अधिकृतस्तर सातौं तह कायम गरि सोको सूचना बारेकोट गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन गर्ने।

**निर्णय नं. ३ (क)**

लोक सेवा आयोगको सिफारिसमा बारेकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा स्थायी नियुक्ति भई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७८/०७/१९ गतेको निर्णय बमोजिम बारेकोट गाउँपालिका र दुल्लु नगरपालिकाको दोहोरो सहमतिमा दुल्लु नगरपालिकाको कार्यालय दैलेखमा कामकाजको लागि खटाइएका श्री भरत भट्टराई (कर्मचारी संकेत नं. २३९२३४) प्रशासन सहायक चौथोलाई हाल कामकाज गरिरहेकै स्थानीय तह दुल्लु



(लोक राज खत्री)
प्रमुख प्रशासकीय अधिकृत

<u>बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०८-२०८१/०८२)</u>

नगरपालिकामा सोही पद र तहमा पदस्थापना हुन कर्णाली प्रदेशद्वारा जारी स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १३६ को उपदफा (२) को प्रयोजनार्थ पदस्थापना हुन सहमति दिने।

<u>निर्णय नं. ३ (ख)</u>

लोक सेवा आयोगको कार्यालय पोखराको सिफारिसमा गैडाकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय नवलपरासी (वर्दघाट सुस्ता पूर्व) मा स्थायी नियुक्ति भई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७८/०८/१९ गतेको निर्णय बमोजिम बारेकोट गाउँपालिका र गैडाकोट नगरपालिकाको दोहोरो सहमतिमा बारेकोट गाउँपालिकाको कार्यालय जाजरकोटमा कामकाजको लागि खटाइएका श्री घमण्ड गिरी (कर्मचारी संकेत नं. २४२०४३) प्रशासन सहायक चौथोलाई हाल कामकाज गरिरहेकै स्थानीय तह बारेकोट गाउँपालिकामा सोही पद र तहमा पदस्थापना हुन कर्णाली प्रदेशद्वारा जारी स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १३६ को उपदफा (२) को प्रयोजनार्थ पदस्थापना हुन सहमति दिने।

<u>निर्णय नं. ४</u>

बारेकोट गाउँपालिका क्षेत्रभित्र बग्ने नलगाड नदि र यसका सहायक नदि/खोलाहरु क्षेत्र भित्रबाट अनाधिकृत रुपमा नदिजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा लगायत सामग्रीहरु अनाधिकृत रुपमा उत्खनन्, संकलन, बिक्रिवितरण तथा चोरीपैठारी गर्ने जोकोहि टिप्पर, ट्याक्टर, गाडा/ट्याक्टर भन्दा सानो सवारी साधन, घोडा/खच्चरहरुले बारेकोट गाउँपालिकाको आर्थिक ऐन, २०८१ बमोजिम राजस्व जम्मा नगरेको पाइएमा प्रति घोडा/खच्चर रु. ५०० (अक्षरूपी पाँचसय), प्रति गाडा, रु. ५००० (अक्षरूपी पाँच हजार), प्रति ट्याक्टर रु. २५००० (अक्षरूपी पच्चीस हजार) र प्रति टिप्पर रु. ५०००० (अक्षरूपी पचास हजार) रुपैयाँ जरिबाना गर्ने र सो जरिवाना रकमबाट उक्त कार्यमा प्रत्यक्ष खटिने सुरक्षा कर्मीहरुलाई उचित प्रोत्साहन भत्ताको व्यवस्था गर्ने।

<u>निर्णय नं. ५</u>

बारेकोट गाउँपालिका ६ नं. वडा कार्यालयको मिति २०८१ साल पौष १७ गतेको च.नं. २१४, प.सं. २०८१/०८२ र मिति २०८१ साल असोज १७ गते ६ नं. वडाका कार्यवाहक



(लोक राज खत्री)
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

गाउँ कार्यपालिका
मिति:- २०८१/०९/२१

<u>बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०८-२०८१/०८२)</u>

अध्यक्ष श्री शेर बहादुर चलाउनेको अध्यक्षतामा बसेको बैठकको निर्णय अनुसार आ.व. २०८१/०८२ मा सञ्चालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगारिका लागि पहल रुपान्तरण आयोजना (आई.डि.ए.) बजेट शिर्षक नं. को किमेरेडाँडा देखि झेग्रेहाल्न सम्म नाला निर्माण योजना विश्वखाद्य कार्यक्रम (WFP) को सहयोगमा सञ्चालित भूकम्पबाट क्षतिग्रस्त सार्वजनिक पूर्वाधारको पुनरलाभ (REDI) परियोजनासँग दोहोरो परेकोले उक्त योजना सोही वडाको पुदेली मेला देखि नौमुली खोला सम्म घोरेटो बाटो मर्मत शिर्षकमा रकमान्तर गर्न आगामी हुने गाउँ सभामा पेश गर्ने।

<u>निर्णय नं.</u> ६

आ.व. २०८१/०८२ को बार्षिक बजेट तथा कार्यक्रम अनुसार हेल्भेटास कार्यक्रम अन्तर्गत खानेपानी समपुरकमा विनियोजित बजेट रू. १७०००००।– (अक्षरुपी सत्रलाख रुपैयाँ) बाट सञ्चालित तपसिल बमोजिमका खानेपानी आयोजनाहरूमा देहाय बमोजिम रकम विनियोजन गर्ने र अपुग हुनआउने रकमको लागि आगामी गाउँसभामा पेश गरि स्रोतको खोजी गर्ने।

<u>तपसिल:</u>

| क्र.सं. | योजनाको नाम | जम्मा लागत रु. | विनियोजित बजेट रु. | दायित्व बाँकी रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | रामिडाँडा खानेपानी तथा सरसफाई उपभोक्ता समिति | ७८६६४४.०८ | ३००००० | ४८६६४४.०८ | |
| २. | नौमुली साउनेपानी खानेपानी तथा सरसफाई उपभोक्ता समिति | १६४७०४४.४७ | ५००००० | ११४७०४४.४७ | |
| ३. | लुहाग खानेपानी आयोजना | ३३६६५०८.५२ | ९००००० | २४६६५०८.५२ | |
| ४. | जम्मा | ५८००१५७.०७ | १७००००० | ४१००१९७.०७ | |

(लोक राज खत्री)
प्रमुख प्रशासकीय अधिकृत